म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ४१ २०८१ पुस १३ गते शनिबार 28 December 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## बकैयाका १४ जनामा मोतिविन्दु पुष्टि

बकैयाः पूर्वि मकवानपुरको बकैया गाउँपालिकामा १४ जनामा मोतिविन्दु पुष्टि भएको छ । बिहीबार हेटौंडा सामुदायिक आँखा अस्पताल, बकैया गाउँपालिका र बकैया सामुदायिक आँखा केन्द्रको सहकार्यमा बकैया अस्पतालमा भएको निःशुल्क आँखा शिविरमा १४ जनामा मोतिविन्दु पुष्टि भएको हो । शिविरमा १५० जनाको आँखा परीक्षण गरिएको थियो । परीक्षणका क्रममा मोतिविन्दु पुष्टि भएका बिरामिको शनिबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा निःशुल्क आँखाको शल्यक्रिया हुने बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले जानकारी दिनुभयो । बकैया गाउँपालिकाले विभिन्न समयमा शिविर सञ्चालन गर्दै आएको छ ।

### मकवानपुर क्याम्पसमा इन्कुवेशन सेन्टर

# शैक्षिक पाठ्यक्रम समयानुकुल परिमार्जन गर्नुपर्छः मुख्यमन्त्री लामा



इन्क्युवेशन सेन्टर उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बहादुर सिंह लामा ।

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले शैक्षिक पाठ्यक्रम समयानुकुल परिमार्जन गर्नुपर्ने बताउनुभएको छ । उहाँले हाल कायम रहेको पाठ्यक्रमले प्रभावकारी रुपमा व्यावसायिक जनशक्ति उत्पादन गर्न नसकेको बताउनुभयो ।

शुक्रबार मकवानपुर बहुमुखी क्याम्पसको व्यवसाय इन्कुवेशन सेन्टरको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले बजारको माग अनुसारको व्यावसायिक तथा दक्ष जनशक्ति उत्पादनमा शिक्षालाई जोड्न आवश्यक रहेको बताउनुभयो । व्यावसायिक र व्यवहारिक शिक्षासहित बजारको माग अनुसारको जनशक्ति उत्पादनमा अग्रसर हुन जरुरी रहेको उहाँको भनाई छ ।

उहाँका अनुसार औद्योगिक क्षेत्रसँग समन्वय गरेर अध्ययन अध्यापनको मोडल निर्माण गर्नुपर्छ । उक्त कार्यमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो । कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले विद्यार्थी पलायन अहिलेकै गतिमा हुने हो भने निकट भविष्यमा नेपाल वृद्धाश्रमको देश बन्ने बताउनुभयो । उहाँले विद्यार्थी पलायनलाई रोक्न व्यवसाय इन्क्युवेशन सेन्टरले सहयोग गर्ने बताउनुभयो । विद्यार्थीलाई लगनशील रुपमा उत्पादनमा जोड्दै व्यवहारिक शिक्षामा जोड्नु पर्ने अहिलेको आवश्यकता रहेको उहाँको भनाई छ । नेपालमा केही हुन्न भन्ने भाष्यलाई चिर्न सरकारले शिक्षालाई व्यवहारिक बनाउन जरुरी रहेको उहाँले बताउनुभयो ।

क्याम्पसले विद्यार्थीको समष्टिगत विकासका लागि उक्त व्यवसाय इन्क्युवेशन सेन्टरको स्थापना गरेको क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिनुभयो । विद्यार्थीको ज्ञान, सीप, क्षमता र सिकाईलाई व्यावसायिक रुपमा अघि बढाउन सेन्टरले भूमिका खेल्ने उहाँले विश्वस व्यक्त गर्नुभयो । विद्यार्थीमा नवप्रवर्तन प्रतिको लगाव बढाउने, व्यावसायिक सोच तथा मनस्थितिको विकास, पेशा, व्यावसायिक अभिरुचि अभिवृद्धि गरेर उद्यमशीलता र रोजगारीको अवसर सृजना गर्नु सेन्टरको प्रमुख ध्येय रहेको उहाँको भनाई छ । मकवानपुर बहुमुखी क्याम्पसले विद्यार्थीलाई औपचारिक शिक्षासँगसँगै उद्यम, व्यवसाय गर्ने सोँचको विकास तथा आवश्यकताअनुसारको बीऊ पुँजीको समेत व्यवस्था गरिदिने जनाएको छ ।

# लागूऔषध खैरो हेरोइनसहित हेटौंडाबाट ७ जना पक्राउ




लागुऔषध खैरो हेरोइनसहित पक्राउ परेकाहरु ।

समाज संवाददाता

हेटौंडा : लागूऔषध खैरो हेरोइनसहित ७ जनालाई मकवानपुर प्रहरीले बिहीबार हेटौंडाबाट पक्राउ गरेको छ । बिहीबार राती ९ बजेको समयमा हेटौंडा-१७, हटियाबाट २ जना र बिहीबार दिउँसो ३ बजेको समयमा हेटौंडा-२, पुरानो मकवानपुररोडबाट ५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

हेटौंडा-१७, हटिया दाबिलेबाट २ ग्राम ५४० मिलिग्राम खैरो हेरोइनसहित ३२ वर्षीय विदन कुमार भुजेल र बारा जिल्लाको विश्रामपुर गाउँपालिका-८, नकाटुवा टोलका २१ वर्षीय शेख आजादलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले दुबैजनालाई भुजेलको घरबाट पक्राउ गरेको हो । यस्तै ४ ग्राम खैरो हेरोइनसहित हेटौंडा-२, पुरानो मकवानपुररोडबाट ३१ वर्षीय शिशिर राजथला, ३० वर्षीय निरन श्रेष्ठ, ३५ वर्षीय सुदिप भुर्तेल, हेटौंडा-४ का ३० वर्षीय असिम कुमार बर्तौला र हेटौंडा-१ का ३० वर्षीय ओम साहलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीले शिशिर राजथलाको घरबाट उनीहरुलाई पक्राउ गरेको हो ।

सातै जनालाई मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर हिरासतमै राखी अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ । मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काका अनुसार पक्राउ परेकाहरु लागुऔषध खैरो हेरोइनको प्रयोगकर्ता र बेचबिखनकर्ता समेत रहेका छन् । सम्बन्धित स्थानमा बसेर सेवन गर्ने र आवश्यकता अनुसार अरुलाई बेच्ने काम उनीहरुबाट हुने गरेको प्रहरी उपरीक्षक खड्काले बताउनुभयो । प्रहरी कारवाहीका क्रममा अनुमान गरेभन्दा कम मात्रामा लागुऔषधहरु बरामद भएको उहाँको भनाई छ । प्रहरीले अनुसन्धान कार्य गरिरहेकाले घटनाबारे थप पुष्टि हुन बाँकी रहेको उहाँले बताउनुभयो ।

# बालसंरक्षण नीति विद्यालयलाई हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरभित्र रहेका सामुदायिक विद्यालयलाई हेटौंडा उपमहानगरपालिका र बाल हेल्पलाइन मकवानपुरले संयुक्तरुपमा विद्यालय बालसंरक्षण नीति हस्तान्तरण गरेको छ । हेटौंडामा शुक्रबार एक कार्यक्रमबीच हेटौंडा-१, ३, १०, ११ र १९ वडाका १२ वटा विद्यालयका विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापकलाई बालसंरक्षण नीति हस्तान्तरण गरिएको हो ।

हेटौंडा-१ मा रहेका कालिका आधारभूत विद्यालय, अमर माध्यमिक विद्यालय, बाराही आधारभूत विद्यालय र हेटौंडा-३, मा रहेका बालउज्ज्वल माध्यमिक विद्यालय, महेन्द्रकिरण माध्यमिक विद्यालयलाई नीति हस्तान्तरण गरिएको छ । हेटौंडा-१० मा रहेको ज्ञानदा माध्यमिक विद्यालय, हेटौंडा-११ मा रहेका आनन्दभैरव आधारभूत विद्यालय, शंकरज्योति माध्यमिक विद्यालय र त्रिभुवन माध्यमिक विद्यालयलाई पनि बाल संरक्षण नीति हस्तान्तरण गरिएको हो । यस्तै, हेटौंडा-१९ मा रहेका निर्मल माध्यमिक विद्यालय, अरनिको माध्यमिक विद्यालय र अरनिको आधारभूत विद्यालयलाई नीति हस्तान्तरण गरिएको छ ।

गत भदौ महिनादेखि विभिन्न चरणमा गरिएको अभिमुखीकरण तथा छलफलबाट नीति निर्माण गरिएको हो । १५ पृष्ठमा तयार पारिएको नीतिको विशेषतामा विद्यालयका सरोकार पक्षबाट तयार गरिएको, विद्यालय, परिवार, समाजको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूमा गहन छलफल, चिन्तन मनन् गरी नीतिमा समावेश गरिनु रहेको छ । यस्तै, बाल संरक्षण र शैक्षिक विकासमा विद्यालयबाट गरिएका वर्तमान प्रयास, व्यवस्था र सामना गरिरहेका चुनौतीहरुमा विषयगत रुपमा छलफल र समावेशलगायत ९ बुँदे विशेषता नीतिको छ ।

बाल संरक्षण नीतिका विज्ञ भरत अधिकारीले विद्यालय सबै बालबालिकाको निम्ति समान, बालबालिकाको सर्वोत्तम हित पहिलो प्राथमिकता, सुनिश्चित बालअधिकार, बालबालिका विरुद्धको अपराध शैय नहुने, भयरहीत सहभागितामूलक शिक्षा नीतिको आधारभूत सिद्धान्त रहेको जानकारी दिनुभयो । सबै बालबालिकाको निम्ति विद्यालय समान, आकर्षक र अनिवार्य र पहुँच स्थलको रुपमा विकास गर्नुका साथै गुणस्तरीय, सहभागितामूलक र बालमैत्री शिक्षण सिकाइको वातावरण तयार गर्न नीति आवश्यक रहेको उहाँले बताउनुभयो । बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक क्षमता ह्रास गर्नसक्ने व्यवहारबाट जोगाउन बाल संरक्षण नीति आवश्यक रहेको उहाँको भनाइ छ ।

विज्ञ अधिकारीले नीतिको व्यवहारिक र जीवन्त कार्यान्वयनबाट सामुदायका सबै बालबालिकाको निम्ति शान्त, भयरहीत, संरक्षित बालमैत्री र आकर्षक शैक्षिक संस्थाको रुपमा विद्यालयको रुपान्तरण गर्ने अपेक्षा लिनुभएको छ । विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापनबीच आपसी मर्यादा, सद्भाव, समन्वय र अनुशासनको विकास, बाल संरक्षणको प्रत्याभूति र असल, सुसंस्कृत, योग्य तथा नैतिकवान व्यक्ति उत्पादन गर्ने उहाँको अपेक्षा छ । कतिपय विद्यालयहरुमा नीति तयार गरी लागू गरिएको भएता पनि व्यवहारिक कार्यान्वयन नभएकै कारण अपेक्षित परिवर्तन हुन नसकेकाले विद्यालयलाई बुझाइएको नीति कार्यान्वयनमा पनि चुनौती रहेको उहाँले बताउनुभयो ।

बाल हेल्पलाइन मकवानपुरका प्रबन्धक झबिन्द्र ज्ञवालीको अध्यक्षता तथा हेटौंडा उपमहानगरापालिकाका प्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रवक्ता न्यौपानेले हेटौंडा उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न उक्त नीतिले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

अभिभावक, विद्यार्थी, विद्यालय, शिक्षकको उपस्थितिमा तयार पारिएको उक्त नीतिले अन्य विद्यालयमा पनि बालसंरक्षण नीति तयार पार्न सहयोग पुग्ने उहाँको भनाइ छ । नीति कार्यान्वयन गर्दा परेका अप्ठ्यारो र चुनौतीलाई समयसापेक्ष परिमार्जन गर्न उपमहानगर पालिका तयार रहेको प्रवक्ता न्यौपानेले प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका शाखा अधिकृत संगीता घले, हेटौंडा उपमहानगरापालिका शिक्षा विकास महाशाखाका अधिकृत हरि चन्द्र सापकोटा, रमेश बिडारीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले एक महिनाभित्र उक्त नीति अनुमोदन गर्ने र अनुशिक्षण गरी कार्यान्वयनमा ल्याइने प्रतिबद्धता जनाएका छन् ।

# हेटौंडा-१६ नम्बर वडा बालमैत्री घोषणा



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १६ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । ‘बालबालिकामा लगानी; सुनिश्चित भविष्यको थालनी’ नारासहित एक कार्यक्रम गरेर शुक्रबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

वडालाई निकृष्ट बालश्रम र बालविवाहमुक्त घोषणा गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । हेटौंडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोइरालाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा बालमैत्री वडा घोषणा गरिएको हो ।

कार्यक्रममा नगर प्रमुख लामाले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रतिबद्धतापत्र वाचनसँगै हस्ताक्षर गर्नुहुँदै बालमैत्री वडा घोषणा गर्नुभएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख लामाले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणालाई उपमहानगरले अभियानको रुपमा सञ्चालन गरेको बताउनुभयो । अभियान सुरु गर्दा नै बालश्रम अन्त्य हुन नसक्ने उहाँको भनाइ छ । बालअधिकार हनन्, बालविवाह र बालश्रमविरुद्ध आवाज उठ्न सुरुवात भएको उहाँले बताउनुभयो ।

यस्तै, शिक्षाबाट वञ्चित बालबालिकाको खोजी गरी नियमित विद्यालय जाने वातावरण निर्माण सुरुवात भएको उहाँको भनाइ छ । बालबालिकामा विभिन्न कठिनाईसँगै शौचालयदेखि शिक्षामा समस्या रहेको जानकारी दिनुहुँदै नगर प्रमुख लामाले त्यसलाई समाधान गर्दै सफलता हासिल गर्न अभियानले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले बालमैत्री स्थानीय शासनयुक्त घोषणा अभियान उपमहानगरको एजेण्डामात्र नभई देशको पनि एजेण्डा रहेको जानकारी दिनुभयो ।

सन् २०३० भित्र नेपाललाई नै बालमैत्री स्थानीय शासनयुक्त देश घोषणा गर्ने लक्ष्य सरकारको रहेको नगर प्रमुख लामाले बताउनुभयो । जसले गर्दा बालअधिकार सुनिश्चित गर्नु सबैको दायित्व रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा-१६ नम्बर वडाका वडाध्यक्ष कोइरालाले प्रतिवेदन प्रस्तुत गर्नुहुँदै ५१ वटा सूचक पूरा गर्दै वडालाई बालमैत्री घोषणा गर्न सफल भएको जानकारी दिनुभयो । घरधुरी तथ्यांक संकलन सर्वेक्षण-२०७९ अनुसार उक्त वडामा १ हजार ६ सय ६० घरधुरी रहेको छ । १८ वर्षभन्दा मुनिका २ हजार ३ सय ८० बालबालिका रहेको अध्यक्ष कोइरालाले जानकारी दिनुभयो । १ हजार १ सय ७९ बालक र १ हजार २ सय १ बालिका रहेको उहाँले बताउनुभयो ।

सामुदायिक र संस्थागत गरी वडामा बाल विकास केन्द्रसहित ६ वटा विद्यालय सञ्चालनमा रहेका छन् । २१ वटा बाल समूह र एउटा बाल सञ्जालमा ५ सय २५ बालबालिका आबद्ध छन् । ५ सय ४५ बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा बालमैत्री वडा घोषणा गर्न सहयोग पुऱ्याएको भन्दै वडा सहजकर्ता, नगर सहजकर्ता, बालसमूह र विभिन्न संघसंस्थालाई प्रशंसापत्र प्रदान गरिएको छ । यस्तै, सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिएको छ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, प्रवक्ता सविन न्यौपानेलगायत जनप्रतिनिधि, अभिभावक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community
सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# सम्झनामा हजुरबा



भुमिराज पौडेल "फलानो"

पि-जेटिएको प्रवेश परीक्षा दिन बाग्लुङ हिँडे । प्राय:जसो यात्राहरुमा म एक्लै पर्छु । एक्लो यात्रा गर्न बहुत मज्जा लाग्छ मलाई । सायद भाग्य लेखिदिनेले सधैंभरि एक्लो लेखिदिएर पो हो कि ?

यो भन्दा पहिले सायद यात्रामा कतै पनि निस्किएको थिइनँ । निराश हुँदै, केहि उकाली, ओराली गर्दै बाग्लुङ पुगँ । एसएलसी सकाएको पनि एक दुइ वर्ष पुग्नै आँटेको थियो । मसँग आशा भन्दा निराशा बढी थिए । सँगै पढेका साथीहरु प्लस टु पढ्ने भैसकेका थिए । तिनीहरुसँग छुटिँदा गन्तव्य बिर्सिएको बादल जस्तै रन्थनिएको थिएँ ।

प्रवेश परीक्षा सकिएपछि तुरुन्तै घर फर्किएँ । पसिना-पसिना भएको थिएँ । जता हिँडे पनि निराशाका काँडाहरुले घोचिरहन्थे । अनुहारमा सफलताको ज्योति नउदाएको धेरै भएको थियो । समयका ति यादहरु दिन बिते जसरी बित्दै नजाने रहेछन्, अझै पनि ताजै छन् । हजुरबा अलि बिरामी हुनुहुन्थ्यो । घर पुग्नासाथ हजुरबुबाले आफ्नो कुरा सुनाउनुहुन्थ्यो । उहाँको जिवनका अनुभव र शिक्षाहरु, मेरो मानसपटलमा अमिट छाप बनेर बसेका छन् । उहाँले भन्नुहुन्थ्यो, "जिन्दगी कहिल्यै सोझो र सरल हुँदैन यसलाई जस्तो आए पनि अगाल्नुपर्छ ।" अब जे छ ठिक छ प्रयास गर्दा पनि भएन भने केहि छैन तेरो काम पढ्ने हो पढ् । आर्थिक कारोबरको जिम्मा बाले मिलाउँछ । हजुरबा एकनासले बोल्नुभो ।

यतिन्जेलसम्म बा चुपचाप हुनुहुन्थ्यो, कुन्नि के भयो बा उज्याला थिएनन् । बा उज्यालो नहुनु भनेको घर अँध्यारो हुनु हो । आफु अँध्यारोमा बसेर पनि परिवारलाई उज्यालो छर्ने त बा का पनि बा 'हजुर बुबा' हुनुहुँदोरहेछ । उहाँले हामीलाई छाडेर गएको पनि तीन चार वर्ष पुग्न लागिसकेछ । उज्यालो छाइरहने बत्ति निभेको पनि यतिका वर्ष भएछ, मेरो परमपुज्य हजुरबाप्रति श्रद्धासुमन तपाइको बैकुण्ठबास होस् ।

म केही ठूलो र बुझ्ने भएपछि पनि हजुरबामा कहिल्यै परिवर्तन भएको मैले देखिनँ । न शारीरिक रूपमा न मानसिक रूपमा । एग्रीकल्चरपछि म काठमाडौं पढ्न जाने भएँ । हजुरबाले साह्रै पिर गर्नुभो । काठमाडौंमा रहँदा पनि म हरक्षण हजुर बालाई सम्झिरहेको हुन्थैं ।

म प्रत्येक पटक काठमाडौंबाट घर फर्कंदा उहाँलाई केही खानेकुरा लिएर आउथैं, तर उहाँले मलाई नाति यो चै कुरा ल्याईदे भनेर कहिल्यै भन्नुभएन । कहिलेकाहीँ फोनमा बा तिमीलाई के ल्याइदिउँ भन्दा जहिले पनि केही पनि पर्दैन, त आइजो न भइहाल्यो भनेर भन्नुहुन्थ्यो । मेरो धेरै समय हजुरबुबासँग बित्यो । तुँवालोले बिहान ढाकिए जसरी घाम झुल्कने बेलादेखि घाम डुब्ने बेलासम्म म उहाँकै वरिपरि ढाकिन्थैं । हजुरबाको अनुहार सधैं आत्मविश्वासले भरिएको देखिन्थ्यो । उहाँको आँखामा अनुभवका अनगिन्ती गहिराइहरु देखिन्थे । उहाँ गरिबी र अभावका बीचमा हुर्कनुभयो । हामीलाई सधै इमानदारिता, मिहिनेत र सहिष्णुताको पाठ सिकाउनुभयो । गाउँमा कसैको बिहे, व्रतबन्ध, भोज, भतेर, पुजापाठ, हुँदा मेरा लागि त्यो दिन दसैं आएको जस्तो हुन्थ्यो । उहाँका खल्तीहरु घरबाट बाहिर निस्किएपछि कहिल्यै रित्ता आएनन् । हजुरबा घर आउने बेलामा उहाँको आस्कोटको भित्री खल्तीको पर्खाइमा काललले हामीलाई पर्खिएजसरी म पर्खिरहेको हुन्थे । कुन खल्तीमा मिठाइ छ, कुन खल्तीमा रोटि, मासु, पैसा, छ म टाढैबाट हेरेर थाहा पाउथैं । सानो छँदा स्कुलमा कम नम्बर ल्याउँदा घरका अरु सदस्यले गाली गर्दा कति डराउथे । त्यो बेला अन्य सदस्यको गालीबाट जोगाउने मेरो हजुर बुबाले, साँवाको भन्दा ब्याजको माया बढी भनेर माया गर्नुहुन्थ्यो ।

अचेल मलाई यो लागिरहन्छ कि, परिवारको जेठो छोरो हुनु भनेको सजिलो रहेनछ । मेरो हजुरबा जेठो छोरो, मेरो बाबा जेठो छोरो, अनि म पनि जेठो छोरो नै । हामी सबैका काँधलाई जिम्मेवारीको झोलाले दबाएको छ । यो झोला कहिलेकाहि भारी लाग्छ, तर यसमा परिवारको आशा, माया, विश्वास लुकेको छ । फेरि जिम्मेवारीले थिच्दै जाँदा नदिले जस्तै बाटो खोज्दै बग्ने, गन्तव्य थाहा नहुने, अनि यात्रा अर्थहिन हुने पो हो कि जस्तो लाग्छ ।

२०८० सालको बैशाख ८ गते । स्नातक तह प्रथम वर्षको अन्तिम परीक्षा सुरु हुने दिन थियो । म घरमा आफ्नै धुनमा 'अ लेसन अफ लाइफ' नामक अंग्रेजी कथाहरु एकाग्र बनी पढिरहेको थिएँ । बाहिरबाट बुबाको आवाज आयो बाबु, हजुरबा बित्नुभयो अब के गरौ ? केहि चिन्ता नमान....यत्तिकैमा आवाज रोकियो ।

म ठूलो भिरबाट खसे जस्तै भएँ । आँखाबाट अश्रुधारा बग्न थाले । न केहि बोल्न सके न केहि भन्न नै, उसै त परीक्षाको चिन्ताले मलिन भएको अनुहार औंसीको रात जस्तै भयो । म कोठाबाट बाहिर निस्किन सकिनँ । मैले उमेर पुगेका छोराछोरी भैसकेका पुरुष मान्छे डाको छोडेर रोएको यो समय भन्दा अगाडि कहिल्यै देखेको थिइनँ । बुबा रोएको देखेर मेरा आँखाहरु ओभाना रहेनन् । बुबासँगै मेरा आंशु पनि झरे । म बुबासँग रोएको थुप्रै दिन छन् । बुबासँग हाँस्ने दिन कहिले पो आउलान...

म केहि बोल्न सकेको थिइन । बिहान ६:१५ भएको थियो । हिन्दु परम्परा अनुसार मानिसको मृत्यु भएपछि पण्डित (पुरोहित) अन्त्येष्टि र श्राद्ध कर्मका लागि बोलाइने र पण्डितले वैदिक मन्त्र र कर्मकाण्डहरु अनुसार मार्गनिर्देशन गर्ने भएकाले पण्डित आउनुभयो । गाउँका सबै दाजुभाइ जम्मा भएर कोहि बास काट्ने, कोहि लास सजाउने तयारी गरिरहेका थिए । मन गह्रुङ्गो बनाउँदै कोठाबाट बाहिर निस्कैं । सबैजना हजुरबालाई अँगाल्दै रोइरहेका थिए । म सकेसम्म नरुने कोसिस गरेको थिएँ, परिवारका अन्य सदस्यलाई गाह्रो नहोस् भनेर ।

सायद दिमागले केहि काम गरेको थिएन । सबै जाने नै हो, ढिलो चाँडो हो । हेर्नुस् न कस्तो राम्रो मरण हो मात्र भन्न सके । पर खेतमा गएर एक्लै रोएँ, चिच्याउन मन थियो सकिनँ । एकैछिन पछि घर आएँ । सेतो कोराले ढाकेको हजुरबाको खुट्टा तिरको कपडा हटाउँदै ढोगँ अनि भने बैकुण्ठ बासको कामना हजुरबा .... ।

रातभरि परिवारका सदस्यले कुरेर बसेका थियौं । कोहि झिमिक्क सुतेका थिएनौं । शोकलाई शक्तिमा बदल्दै म तीन दिनपछि परीक्षा दिन हिँडे । परिवारको दु:ख र वातावरणको असहजताबीच पनि मैले आफ्नो भविष्यका लागि त्यो परीक्षा दिनै पर्‍यो । म हारेको थिइन अनि जित्नु पनि कसैलाई थिएन । बिहानै स्वर्गलोक हुनुभएका हजुरबालाई सम्झेर सोचे, यस्ता परीक्षा आइरहन्छन् गति दोब्बर बनाउनु पर्छ ।

जिन्दगी भनेको एउटा अनमोल यात्रा रहेछ, जहा प्रत्येक पाइलामा स्मृतिहरु अनुभवहरु र पछ्याइएका आसहरु लुकेका हुने रहेछन् । जीवनले कहिलेकाहीँ कठोर परीक्षा लिने रहेछ, तर यहीँबाट हाम्रो चरित्र निर्माण हुने रहेछ । मृत्युले हामीलाई बिछोड दिए जसरी कहिलेकहीँ जिन्दगीका परीक्षाहरु पनि कठिन मोडमा दिनुपर्ने रहेछ ।

आजसम्म जति परीक्षाहरु दिए ति सबै परीक्षाहरु कलमको मसीले लेखेको थिए । तर त्यो दिन परीक्षामा मैले कलमको मसीले लेखिन प्रेमको परीक्षा रगतको मसीले, दरबारको परिक्षा कलमको मसीले अनि पीडाको परीक्षा आसुले लेखिँदो रहेछ । मृत्युले जिवनलाई टुङ्गाए जस्तै आसुले लेखेका चिजहरु, भावनाहरु, समयले हत्तपत्त मेटाउन सक्दो रहेनछ । त्यो दिन मैले गायककार शम्भु राईको "आँसुमा डुबेको जिन्दगी" यति धेरै पटक सुने कि त्यसको मसँग कुनै हिसाबकिताब नै छैन ।

उहाँ गएपछि हाम्रो घरले आफ्नो आत्मा गुमाएझैं लाग्यो । उहाँको हाँसोले भरिएको आँगन अहिले मौन छ । उहाँसँग बसेर सुनिएका ती कथाहरूको स्थान अब मौनताले लिएको छ । जीवनमा धेरै कुरा सिकैं, तर उहाँको अनुपस्थितिमा पीडा सहने कला भने कहिल्यै सिक्न सकिनँ । कहिल्यै कसैले भन्छ, "समयले पीडा मेटाउँछ," तर मेरो लागि समयले केवल उहाँको अनुपस्थिति अझ गहिरो बनाएको छ । हरेक चोटि उहाँलाई सम्झँदा, आँसु थाम्न सक्दिनँ । उहाँका आँखाहरूमा देखिने त्यो विश्वासले आज पनि मलाई हिम्मत दिन्छ, तर उहाँ बिनाको यो यात्रा अनन्त बिछोडजस्तो लाग्छ । उहाँसँग बितेका ती दिन, ती हाँसो र ती कथाहरू-आज सबै चुपचाप छन् । उहाँ बिनाको हाम्रो घर, एउटा खाली खोपाको जस्तै छ, जहाँ जीवन त चलिरहेछ, तर माया र प्रेरणाको त्यो उज्यालो हराइसकेको छ । आँगनको त्यो पुरानो धारो, जहाँ उहाँ सधैं बिहानको पानी खानुहुन्थ्यो, त्यो पनि अहिले मौन छ ।

हजुरबुबा, हजुरको भौतिक शरीर हामीबाट टाढा भए पनि हजुर सधै हाम्रो परिवारको समिपमा रहेर हामीलाई कुनै न कुनै माध्यमबाट सही मार्गनिर्देसन दिइराख्नु है । गन्तव्य सबैको त्यही नै रहेछ, हामी पनि ढिलो चाँडो आउला । तपाइलाई हामीले गुमाएपनि तपाइँको छहारी अझै हाम्रो परिवारमा छ । आजसम्म जे भैरहेको छ त्यो तपाईंको आशिर्वादले हो । घरमा हजुरबा हुनु भनेको भाग्यको कुरा रहेछ । बिना स्वार्थको त्यस्तो साथ र आशिर्वाद भाग्यमानीले मात्र पाउँछन् ।

आज भन्न मन लागेको छ अहिले जो जो भाग्यमानी हुनुहुन्छ समय मै कदर गर्नुहोला । पछि त्यो माया ममता साथ चाहेर पनि पाइँदैन ।

हजुरबा, तपाईंको बिना यो संसार र हाम्रो जीवन कति अपूर्ण र अधुरो लाग्छ । तपाईंको सम्झनामा हाम्रो मन बलियो र दृढ बनेको छ, तर तपाईंको अनुपस्थितिले यो जीवनको रंग अझै फीका बनाइदिएको छ ।

अज हरेक पाइलामा तपाइकै सम्झना र श्रद्धाले मन छटपटिन्छ् । जब तपाईं हामीसँग हुनुहुन्न तपाईंको सम्झना यो मनभरि बस्छ । तपाईंको अनुपस्थितिमा तपाईंको बिचार, तपाईंको सपना र तपाईंले हामीलाई देखाएको मार्गनिर्देशन सधैं मनमा आउँछ । समयले तपाईंलाई हामीबाट टाढा लगे पनि तपाईंको शिक्षाहरु विचारहरु हाम्रो जीवनमा सदैव जीवित रहने रहेछन् । तपाईं तारा जस्तै टाढा भए पनि त्यहाँको उज्यालोले यहाँसम्म साथ दिएको महसुस हुने । आज यो लेख लेख्दै गर्दा हजुरबा बाँचेको भए म उहासँग उपहार होइन उपदेस माग्थैं । शब्द होइन समय माग्थे ।

हजुरबा, तपाइले हामीलाई छोडेर गए पनि यो शास्त्रले मेरो हजुरबा पृथ्वीको कुनै कुना काप्चा धर्ती, स्वर्ग, नर्क, परलोक, प्रकृति कतै न कतै छ भन्छ । मृत्यु कुनै अन्त्य होइन, बरु एक नयाँ प्रारम्भ हो भन्छ । यो आत्माको शाश्वत यात्राको एक हिस्सा मात्र हो भन्छ यदि यस्तै हो र कतै न कतै मेरो हजुरबा हुनुहुन्छ भने ए घाम, ए रातमा पनि उज्यालो छर्ने चन्द्रमा, ए आकाशमा उडी जाने चरि ए चिसो बतास ए हराएर गएको कालो बादल मेरो हजुरबा लाइ "तपाइँको नाति अभाव र गरिबीको पहाड फोरेर रातको अन्धकारमा चम्किरहेको तारा हो । उ नादि जस्तै शान्त छ न सुक्छ, न बिग्रन्छ, बसन्तको चर्को घाम वर्षाको बाढि हिउँदको कठोरता जस्तोमा पनि उ चम्किरहन्छ....। "यत्ति सन्देश उहाँको आस्कोट को बाहिरि खल्तीमा छोडेर आइजा न है जहाँ मेरा लागि कुनै बेला थुप्रै खानेकुरा हरु लुकेर बसेका हुन्थे...। फेरि पनि श्रदासुमन मेरो इश्वरलाई ।

*मोदि गाउँपालिका-५, बाजुङ, पर्वत*

## गाउँखाने कथा

१. भित्र इनार बाहिर धारो ।
- करुवा

२. मेरो देश यही घरभित्र ।
- नक्सा

३. शिर पनि छैन, पाउ पनि छैन दुई हात नभई मिलाउन सकिँदैन ।
- टोपी

४. लावालस्कर लिई गयो सबैलाई खुवायो, आफूले भने केही खाएन घरै फर्की आयो ।
- गोठालो

५. बाल्यकालमा लाएको धोती जवानमा फाली, बुढेसकालमा ओढेर घरभित्र हाली ।
- बाँस

# गाउँको व्यथा

कथा



श्यामप्रसाद श्रेष्ठ

"आमा ! आमा ! हेर्नु होस् न एकपल्ट, किन बोल्नु हुन्न आमा ?" सिमाले नाडी समाएर नाडीको चाल हेरिन । ढुकढुकीको केही चाल नभेटाए पछि सिमा आत्तिएर कराईन्, "बुवा ! आमा त रहिनन् !"

"बुहारी ! तिम्रो आमालाई के भयो भनेकी ? म त राम्ररी सुन्दिन पनि" कोठाभित्रबाट बृद्धको आवाज सुनियो ।

सिमाले आँगन गोबरमाटोले लिपिन र सकी नसकी सासुलाई काखमा बोकेर आँगनमा ल्याइन् । उनले मोबाइल निकालेर रुँदै डायल गर्दै भनिन्, "हेलो ! हजुरको आमा रहनु भएन, म के गरौं ?"

उनले मोबाइलमा कुरा सुन्दै टाउको हल्लाउँदै जवाफ दिइन्," हुन्छ, हुन्छ, तपाइ छिटो आउनुहोला !"

बृद्ध कोठाबाट चार हात खुट्टा टेकेर सकी नसकी कोठाबाट निस्केर आँगनमा सुताएर राखेकी पत्नीलाई अंगाल्दै भक्कानिएर रुँदै भने, "माया तिमीले मलाई छोडेर किन गयौ, तिमीले मलाई झुक्यायौ, मायाँ !" भन्दै ओढ्ने पछ्यौराले मुख ढाकी दिए ।

"बा ! सम्हाल्नुहोस !" सिमाले ससुरो बुवालाई सम्झाउँदै भनिन् ।


सिमाले पछाडी फर्केर देउराली डाँडामा नागबेली रुपमा सुतेको सडकतिर र डाँडागाउँतिर हेरिन् । तल्लो घर माथिल्लो घरमा ताल्चा झुण्डिएको देखिन् । उनी घरीघरी देउरालीडाँडातर्फ हेरेर छट्पटि रहिन् । फेरि पनि उनी उतैतिर टोलाइरहिन । धेरैबेर पछि उनी झसङ्ग भइन् । गाडिको हर्नको आवाज सुनेर । मिनिबस घरमाथिको भञ्ज्याङमा आएर रोकिसकेको थियो । बसबाट ओर्लेर २०, २२ जना युवाहरु आँगनमा आईपुगे ।

सिमाले आँगनमा आइपुगेको युवाहरु मध्य तल्लोघरे काकाको छोरा एकजना चिनिन । उनले उसलाई हेर्दै भनिन्, "देवर बाबु ! तपाई आइपुग्नु भो ! अनि वहाँहरु सबै हाम्रै नाता हुन ?"

"भाउज्यु ! दाइले मलाई दुई घण्टा अगाडि बिदेशबाट फोन गरेर सबै कुरा भन्नु भयो । हिजोआज गाउँ मानवबिहिन भएकोले यिनीहरुलाई सहरबाट भाडामा मलामी ल्याएको नि !"

*हेटौँडा-६, मकवानपुर*

# चित्रकला






विवेक थिङ
कक्षा-७, कमला आधारभूत विद्यालय
हेटौँडा-१८






प्रशन्न ढकाल
कक्षा-४, नवोदय शिशु सदन, हेटौँडा-४




दिपासना थापा
कक्षा-११, हेटौँडा स्कूल अफ म्यानेजमेन्ट
हेटौँडा-४

# एकतर्फी माया



✍आयुष्मा श्रेष्ठ

यहाँ मेरो माया तिमीले बुझ्दैनौ,
मेरो मुटु रोइरहेछ, तिमीले सुन्दैनौ ।
तिमीलाई सधैँ सम्झिन्छु म,
तर तिमी त पराई, मलाई चिन्दैनौ ।

तिमी बिना यो जीवन कस्तो खाली छ,
तिमीसँगको सपना मात्र बाँच्न कति सजिलो
तर तिमीलाई कृ थाहा मेरो पीडा कति गहिरो
तिमीलाई माया गरेँ नि, तिमी त पराईको हो ।


तिमीलाई हेर्दा आँसु झर्छ आँखाबाट
तिमी पराई बन्यौ, म तिमीलाई आफ्नो ठानेर ।
माया एकतर्फी, पीडा अनन्त
तिमीले कहिल्यै बुझ्दैनौ, यो मुटुको कथा अन्त ।

यो सुनसान अँधेरी रातमा बसेर
कराउन मन छ मनको व्यथा तिमीलाई पनि सुनाउन मन छ
तर के गर्नु भाग्यले साथ दियो भने भन्न सकुँला
भाग्यले साथ दिएन भने मूल्यसँग तिम्रो वरिपरि घुमौंला ।

तिम्रा लागि आफैं पनि माया छ
त्यही भाएर त तिम्रो सम्झनामा यी कविता लेखिएको छ
मेरो मनको भावना बुझिदेउ न
वरिपरि आई मलाई केहि प्रश्न सोधिदेउन ।

*कक्षा-७, सिद्धार्थ शिशु सदन, हेटौंडा-५*

# नेपाल आमा, म सौभाग्य पाएँ



✍सरोजप्रसाद साह

नेपाल आमा, म सौभाग्य पाएँ ।
मरे त के भो, तिम्रो काम आएँ ॥
म एक्लै थेँ आमा, सयौँ सत्रु आएँ ।
सौगन्ध वीरताको, त्यहीँ स्वर्ग पठाएँ ॥

मलाई मार्न सक्लान्, यी अङ्ग्रेजी गोली ।
कहाँ मर्छ भक्ति, देशको मेरो ॥
मलाई काट्न सक्लान्, विश्वासघाती खुकुरी ।
कहाँ काटिनेछ स्वाभिमान मेरो ॥

यो रणभूमि आज, नालापानीको छ ।
शोकमा दिउँसै, कालो छाएको छ ॥
राष्ट्र जोगाउन, शस्त्र चलदैछ ।
कुलोमा आज, रगत बगदैछ ॥

छेउमै छ मेरो, बलभद्र कुँवर ।
हातमा खुकुरी र सौर्यको दर्पण ॥
साथैछ छ मेरो, भिमसेनी तलवार ।
या मार्छु सत्रु, या हुन्छु अमर ॥

सिँच्दै छु रक्तले, प्यसेको कण्ठ ।
यता सौर्य गोर्खा, उता छ षड्यन्त्र ॥
यहाँ घायल छाती, त्यहाँ पापी ओठ ।
यता हाथ खुकुरी, उता तोप तोप ॥

खुशी छ ओठ, घडी बलिदानको छ ।
सारा लड्दा लड्दै, रगत सकेको छ ॥
सपना बलिदानको, साकार भएकोछ ।
अब राष्ट्रभार तिम्रो, मेरो, घडी आएको छ ॥

मेरो काटिएको शिरको, मूल्य चुकाउनु ।
म राष्ट्र बचाएँ, तिमी राष्ट्रीयता जोगाउनु ॥
अस्तित्व बचाएँ, अस्तित्व जोगाउनु ।
बिर्सि नजानु, मलाई याद राख्नु ॥

# 'रबि दाइको सम्झनामा'



✍शशी थापा मगर

गरौं देशलाई माया अनि गरौं देशलाइ गर्व ।
बुझिदिनुभो रबि दाइ पीडित जनताहरुको मर्म ॥
ल्याइदिनुभो नयाँ नीति देशको विकास गर्न ।
हामी सबै तयार छौं दाइको निम्ति लड्न ॥

तपाईप्रति विश्वास हाम्रो तपाईप्रति माया ।
हटाउनुभो रबि दाइ स्वार्थी भ्रष्ट छायाँ ॥
लिनुस् बाबुआमाको आर्शीवचन र युवाहरुको साथ ।
गर्नुस् देशको सेवा भलो पार्नुस् उच्च माथ ॥।

स्वाबलम्बी, सिर्जनशील र सहयोगी मानमा ।
चालेनन् नि गलत पाइला कहिल्यै स्वार्थी धनमा ॥
कराउँछन् कोइली चरी त्यो पारीको वनमा ।
जनताको वाचा पूरा गर्छन् सधैं आफ्नो भरमा ॥

सिकाउँछन् रबि दाइ कमाउन इमान ।
सबको आशा तपाईंमा छ नगर्नु है बेइमान ।
भलो चिताउँदै गर्छौं दाइको सम्मान ॥
..... गर्छौं दाइको सम्मान ॥॥

*कक्षा-१२, आधुनिक राष्ट्रिय मावि*
*हेटौंडा-४*

# विद्यार्थी



✍सभ्यता लामिछाने

म न सानी नौं वर्षकी, सभ्यता हो नाम ।
विद्यार्थी हुँ ब्रह्मदिक्की लेख्ने पढ्ने काम ।
उठ्छु म त विहानी घाम भन्दा पहिले ।
हात मुख धुन्छु अनी, पढ्न बस्छु जहिले ।

नौ बजे माम खाई विद्यालय जान्छु ।
गुरुआमाले भन्नुभाको सबै कुरा मान्छु ।
असल बन्ने भन्नु हुन्छ, गुरुआमाले हाम्री ।
मायालु बोली वचन हजुर कति राम्री ।

ज्ञान दिनोस् गुरुआमा हजुरको भरपर्छ ।
धेरै पढी असल बन्न मिहिनेत गर्छु ।
शिक्षा दिने मन्दिर हो विद्यालय हाम्रो ।
हामी यसका पुजारी हौं गर्नुपर्छ राम्रो ।

*कक्षा-६, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# 'आमा



✍कृन्सा मैनाली

लक्ष्मी उनको नाम
उनी गर्छिन् काम
आफु भोकै बसी
दिन्छिन् मलाई खुसी

तिमी मेरो माया
शितल तिम्रो माया
मिठो तिम्रो ममता
तिमीमा छ भिन्नता

बोल्न हिँड्न सिकाइन्
मिठो खाना खुवाइन्
राम्रो कुरा सिकाइन्
ठुलो मान्छे बनाइन्

तिमी मेरी रानी
राम्रो तिम्रो बानी
न्यानो तिम्रो काख
मलाई बोकिराख

धन्यवाद तिमीलाई
मलाई संसार देखायौ
धन्यवाद तिमीलाई
सही गलत चिनायौ

*कक्षा-६, जीएस निकेतन*
*हेटौंडा-५*

# गरिब केटा



✍स्वस्तिका हुमागाई

कुनै गाउँमा एउटा साजन नाम गरेको गरिब केटा बस्थ्यो । ऊ निकै गरिब थियो । ऊ असल र इमान्दार थियो । उसले काम गरेको पैसा किताब किन्थ्यो । उसलाई पढ्न मन लाग्थ्यो तर ऊ सँग पैसा थिएन ।

उसको घरमा कोही पनि थिएन । एक दिनको कुरा हो । ऊ बाटोमा जाँदै गर्दा उसले एक हजार रुपैयाँ भेट्यो । उसको घरमा खानेकुरा पनि केही थिएन । उसले सोच्यो ! अब म पैसाले कापी, किताब, कलम र खानेकुरा किन्छु । पसलमा गयो र उसले कापी, किताब, कलम र खानेकुरा किन्यो । ऊ मख्ख पर्‍यो । उसले इमान्दार भएर काम गर्ने भनेर सोच्यो र उसले काम गर्न थाल्यो ।

*कक्षा-४, कमला आधारभूत विद्यालय,*
*हेटौंडा-१८*

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: घुमघाम, भेटघाट र रामरमाइलोमा दिन बित्ने छ । प्रेमको बन्धनमा बाँधिनेछ । भोगविलासका क्षेत्रमा खर्च बढ्ला । दायित्व र जिम्मेवारी बढ्दै जाने छ । काम कर्तव्य र घर व्यवहारमा लाग्नु उपयुक्त होला । धार्मिक एवम् सामाजिक काममा समय व्यतित होला । धार्मिक यात्रा योग पनि रहने छ । अध्ययन–अध्यापन मध्यमकारक रहने समय छ ।

**वृष राशि**: परीक्षा र प्रतियोगितामा सफल बन्न सकिने छ । उच्च शिक्षा र तालिमको अवसर मिल्ला । ज्ञान र सीपमा वृद्धि हुनेछ । लामो दुरीको यात्रा फलदायी हुनेछ । नोकरीमा तन्मयताका साथ खट्नु पर्ला । स्वास्थ्य स्थिति कमजोर बन्ने समय योग छ । अतिरिक्त क्रियाकलाप प्रदर्शन गर्न उपयुक्त समय छ । पढाइ, लेखाइ र धार्मिक यात्रा होला ।

**मिथुन राशि**: तिव्र इच्छाशक्ति र आन्तरिक उर्जाको उदय हुने समय छ । ज्ञान, आत्मबल र सामर्थ्य प्रदर्शन गरी अरुलाई प्रभावित बनाइएला । व्यापार–व्यवसाय मध्यम छ । ज्ञान बढाउने विषयमा सरिक भइएला । कल्पना र भावना साकार हुने समय योग छ । बाध्यात्मक काममा अल्मलिनु पर्ला । रिसराग तर्फ मन आकर्षित होला ।

**कर्कट राशि**: निर्णयात्मक काममा ध्यान केन्द्रित हुँदैन । घरायसी समस्या र सुखका बारेमा चिन्तन बढ्ला । अरुको अभिलाषा बुझेर काम गर्दा राम्रो रहन्छ । आश्वासन र लोभमा नभुलिँदा राम्रो रहन्छ । प्रेममा विश्वासको संकट देखा पर्ला । बुद्धि र श्रम खर्च गर्नुपर्ने समय योग छ । सर सापटीको लागि दौडधूप होला । पढाइ ठिकै छ ।

**सिंह राशि**: दौडधूप र भागम्भागमा समय बित्ला । पराक्रम र प्रसिद्धि बढाउने समय योग छ । लक्ष्य र उद्धेश्य सफल बनाउन अझैं प्रयत्न गर्नुपर्ला । मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्ला । सामाजिक संजालमा बढी घोरिनाले मन भारी होला । प्रशासनिक क्षेत्रमा नयाँ प्रविधि प्रयोग होला । पुरानो विषयले तनाव बढाउने समय योग छ ।

**कन्या राशि**: आफन्तको काममा समय व्यतित होला । वित्तिय क्षेत्र र व्यापारिक क्षेत्रका काममा लगानी बढ्ला । मनोरञ्जन र भोगविलासमा खर्च बढ्ला । धार्मिक एवम् आध्यात्मिक काममा समय व्यतित होला । थोरै मिहिनेतले धनार्जन हुने समय योग छ । स्वास्थ्य समस्याले सताउने समय छ । सहयोगको भावना पलाउने समय योग छ ।

**तुला राशि**: समय मध्यमकारक नै मान्नुपर्दछ । निर्णय क्षमता बलियो देखिन्छ । स्वास्थ्यका दृष्टिले समेत उत्तम समय छ । आर्थिक कारोबारप्रति केन्द्रित भइएला । आध्यात्मिक एवम् परोपकारजन्य कामबाट लाभ प्राप्त हुनेछ । इच्छाशक्ति बढ्ने समय छ । कामलाई कुशतापूर्वक पार लगाइने छ ।अध्ययन–अध्यापन मध्यमकारक रहने छ ।

**वृश्चिक राशि**: अवसर प्राप्तिका लागि दौडधूप र परिश्रम गर्नुपर्ने समय छ । भावनालाई नियन्त्रणमा राखी काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक रहने छ । स्वास्थ्य समस्या क्रमशः समाधान हुँदै जाला । घुमघाम र धार्मिक कृत्यमा समय व्यतित हुनेछ । धनको कारोबारमा सतर्कता अपनाउनु पर्ला ।

**धनु राशि**: लगनशीलता र मिहिनेतले दुसंस्कार हात पर्नेछ । आत्मविश्वास र सुदृढ लक्ष्यका कारण सफलतापूर्वक अग्रसर भइएला । रचनात्मक र सिर्जनात्मक काममा अद्भूत परिणाम प्राप्त होला । व्यापार–व्यवसाय ठिकै देखिन्छ । रोकिएका कामहरु बन्ने समय छ । तौलेर बोलेको राम्रो रहन्छ । पठनपाठनको क्षेत्र मध्यमकारक देखिन्छ ।


**मकर राशि**: सामाजिक एवम् धार्मिक काममा सरिक भइने समय योग छ । राजनीतिमा प्रतिष्ठा कायम होला । व्यवसाय मध्यमकारक नै रहन्छ । पारिवारीक जीवन सामान्य रहला । काम र कर्तव्यप्रति दिनचस्पी जाग्ने छ । प्रतिस्पर्धी पराजित होलान् । घरमा माङ्गलिक कार्य होला । व्यवसायिक कामको चाप बढ्ने समय छ । पढाइ लेखाइ ठिकै छ ।

**कुम्भ राशि**: व्यक्तित्व र उज्जवल भविष्यको चाहना राखी अगाडि बढ्ने समय छ । परिश्रमले सम्मान बढ्ला । स्वादिष्ट भोजन प्राप्त होला । गुमेको धन हात पर्ला । सामाजिक एवम् परोपकारी काममा मन जाला । लक्ष्य प्राप्तिको काममा सरिक भइने छ । वैदेशिक काममा सरिक भइने समय योग रहेको छ ।

**मीन राशि**: सेवाग्राहीले विश्वास जित्न समय लाग्ने योग छ । विश्वासिलो व्यक्तिले नै समस्या बल्झाउँन सक्छन् । सामाजिक काममा सरिक भइने समय योग छ । विपक्षीसँग सर्तकता अपनाउनु पर्ला । चुनौति चिर्दै काम अगाडि बढाउन सकिने समय योग छ । अध्ययन–अध्यापन ठिकै रहला । मनोरञ्जनका क्षेत्रमा समय व्यतित होला ।


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।



- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-
- **दरखास्त दिने अन्तिम मिति** : २०८१ पुस १२ गते शुक्रबार
- **अन्तरवार्ता मिति** : २०८१ पुस १४ गते आइतबार बिहान ११:३० देखी २: ३० बजेसम्म

**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**
**स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## सञ्चालनमा आयो

**पशुपति ईभी चार्जिङ स्टेशन**

हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



**६ वटा चार्जिङ युनिटसहित**

**सम्पर्क: ९८४५०६८७३**

## प्रदेश लिग फुटबल प्रतियोगिता

# चितवन र मकवानपुर विजयी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश फुटबल संघको आयोजनामा हेटौंडामा जारी दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा चितवन र मकवानपुर विजयी भएका छन् । शुक्रबार भएको खेलमा चितवनको भरतपुर फुटबल क्लब र मकवानपुरको पदमपोखरी युथ क्लब विजयी भएका हुन् ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको पहिलो खेलमा काभ्रेपलाञ्चोकको माउण्ट एभरेष्ट क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै चितवनको भरतपुर फुटबल क्लब विजयी भएको छ । यस्तै, दोस्रो खेलमा धादिङको धुनीवेशी युथ समाजलाई २-१ गोलले हराउँदै मकवानपुरको पदमपोखरी युथ क्लब विजयी भएको हो ।

भरतपुरको तर्फबाट पहिलो हाफको ५ मिनेटमा गोल गर्दै अञ्जन चौधरीले पहिलो अग्रता दिलाएका थिए । खेलको दोस्रो हाफको ६६ औं मिनेटमा सन्दिप केसीले गोल गर्दै टिमलाई जीत दिलाएका हुन् । खेलको अन्तिम समयमा माउण्ट एभरेष्टका विशेष लामाले टिमका लागि सान्त्वना गोल गरेका थिए । खेलको म्यान अफ द म्याच सान्त्वना गोलकर्ता माउण्ट एभरेष्टका लामा घोषित हुँदै ३ हजार रुपैयाँको नगद पुरस्कार तथा ट्रफी प्राप्त गरे ।

यस्तै, पदमपोखरीको जीतमा पहिलो हाफको ३८ मिनेटमा गोल गर्दै प्रितम स्याङ्बोले अग्रता दिलाएका थिए । खेलको ३८ मिनेटमै धुनिवेशीका टिम क्याप्टेनले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याएका थिए । दोस्रो हाफको ४४ औं मिनेटमा महेश वाइबाले गोल गर्दै घरेलु टिमलाई जिताएका हुन् । समूह 'ग'बाट जीत निकालेसँगै पदमपोखरीले ३ अंक जोडेको छ भने धुनिवेशी अंकविहीन अवस्थामा रहेको छ ।

यो खेलसँगै काभ्रेपलाञ्चोक प्रतियोगिताबाट बाहिरिएको छ । समूह चरणको २ खेलमा जीत निकाल्न नसकेको काभ्रेपलाञ्चोक शून्य अंकसहित प्रतियोगिताबाट बाहिरिएको हो । यसअघि बुधबार भएको उद्घाटन खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लबसँग काभ्रेपलाञ्चोक पराजित भएको थियो ।

चितवन ३ अंकसहित तालिकाको दोस्रो स्थानमा रहेको छ । चितवनले काठमाडौंको चित्लाङ फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । पदमपोखरीले पुस १४ गते समूह चरणको दोस्रो खेलमा ललितपुरको टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ भने १५ गते धुनिवेशीले पनि ललितपुर सँगै प्रतिस्पर्धा गर्नुपर्नेछ ।

लिगकम नकआउट प्रणालीमा सञ्चालन भएको प्रतियोगितामा ११ वटा जिल्लाको टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल पुस २० गते हुनेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) को सहयोगमा सञ्चालन भएको प्रतियोगितामा बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगर पालिकाको पनि सहयोग रहनेछ ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः २ लाख र एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

## बागमती प्रदेश सरकारको निर्णय

# गौतम बुद्ध रंगशालालाई १० करोड निकासा दिने

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि १० करोड रुपैयाँ बजेट अख्तियारी दिने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले रंगशाला निर्माणका लागि वार्षिक बजेट कार्यक्रममा समावेश भए अनुसार १० करोड रुपैयाँ बजेट विनियोजन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार भरतपुर महानगरपालिका र बागमती प्रदेश सरकारको साझेदारीमा निर्माण भइरहेको उक्त रंगशाला निर्माणका लागि अनुदानका रुपमा १० करोड रुपैयाँ भरतपुर महानगर पालिकालाई अख्तियारी दिने निर्णय गरेको हो । उक्त रंगशाला निर्माणका लागि बागमती प्रदेश सरकारले ७० प्रतिशत र भरतपुरले ३० प्रतिशत लागत साझेदारी गर्ने सहमति भएको थियो । मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुख कार्यालयको सवलीकरणका लागि १० लाख रुपैयाँ अख्तियारी दिने निर्णय गरेको छ भने प्रदेश औद्योगिक तथा व्यवसाय ऐनलाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसाय ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता गराउने निर्णय गरेको छ भने अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरणका कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको छ ।

बैठकले स्वास्थ्य संस्था आशयपत्र सेवा संचालन अनुमति नवीकरण तथा स्तरोन्नति मापदण्ड, तामिल संचालन कार्यविधि, प्रविधि हस्तान्तरण कार्यविधि, प्रदेश नीति तथा योजना आयोगको वार्षिक आयोजना छनौट कार्यविधि संशोधनका लागि मन्त्रिपरिषद्को विषयगत समितिमा छलफलका लागि पठाउने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ ।

# बसको ठक्करबाट पूर्णमायाको मृत्यु

समाज संवाददाता

हेटौँडा : सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-९ चुरेमा बसको ठक्करबाट एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा धनुषा जिल्लाको मिथिला नगरपालिका-११ की ६८ वर्षीया पूर्णमाया तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बिहीबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा बि.पि.राजमार्गमा बर्दिबासबाट सिन्धुलीतर्फ जाँदै गरेको न ४ ख ४५६२ नम्बरको बसमा सवार तामाङ बसबाट ओलिएर बाटो पार गर्ने क्रममा सोही बसले ठक्कर दिँदा घाइते भएकी थिइन् । घाइते तामाङलाई उपचार का लागि शुभस्वस्तिक अस्पताल बर्दिबास लगिएको थियो । तामाङको उपचारको क्रममा राती ८ बजेर २६ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । बस चालक महोत्तरी जिल्लाको बर्दिबास नगर पालिका-१ बस्ने २४ वर्षीय विष्णु पासवानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

• पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
• जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
• ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# स्थापना दिवसमा अनाथ आश्रमलाई सहयोग

समाज संवाददाता

हेटौँडा : जुत्ता चप्पल व्यवसायी संघ मकवानपुरको स्थापना दिवसको अवसर मा हेटौंडा-१४ स्थित अनाथ अपाङ्ग बाल पुनर्स्थापना केन्द्र मकवानपुरलाई खाद्यान्न सामग्री सहयोग गरिएको छ । शुक्रबार संघका अध्यक्ष रामहरि तिमल्सिनाको अध्यक्षता तथा बीपी विचार समाज मकवानपुरका उपाध्यक्ष प्रदिप कोईरालाको प्रमुख आतिथ्यमा सहयोग हस्तान्तरण गरिएको हो ।

संघले १५ हजार रुपैयाँ बराबरको खाद्यान्न सहयोग गरिएको अध्यक्ष तिमल्सिनाले जानकारी दिनुभयो । पाँचौं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा केन्द्रका अध्यक्ष रामहरि कोईराला, केन्द्रका आजिवन सदस्य हरि प्रसाद पौडेल तथा संघका कोषाध्यक्ष राजु लम्साल, सचिव प्रल्हाद खनाल, संघका सदस्यहरु बिनोद कुमार चौलागाई, कृष्णप्रसाद चौलागाई, निशान गौतमको उपस्थिति रहेको थियो ।

# दुर्घटनामा चौधरीको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको खैरहनी नगरपालिका-१०, कठारमा स्कुल बस र मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ५५ वर्षीय बसन्त कुमार चौधरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बिहीबार बिहान ८ बजेर ३० मिनेटको समयमा भित्री सडकखण्डमा ना ५ ख ३९८ नम्बरको इन्टरनेशनल बोर्डिङ स्कुलको बस र प्रदेश ३-०३-००१ प ४७९५ नम्बर को मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना हुँदा चौधरी घाइते भएका थिए । घाइते चौधरीलाई उपचारका लागि एलाइभ अस्पताल भरतपुर लगिएकोमा उपचारको क्रममा बिहान ९ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । बस चालक खैरहनी नगरपालिका-५ का ५४ वर्षीय राजकुमार महतोलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np


# हार्दिक श्रद्धाञ्जली



जन्म :
२०३४/०४/०१

**स्व. सुनिता दनुवार**

स्वर्गारोहण :
२०८१/०९/०८

मानव अधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्ध आन्दोलनकी अभियन्ता, अगुवा सुनिता फाउण्डेशनकी अध्यक्ष तथा यस सञ्जालकी सदस्य **सुनिता दनुवार**को अकल्पनीय निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै स्वर्गीय सुनिता दनुवारप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

आरती पाठक, संयोजक
**एवम् मानवअधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्धको सञ्जाल मकवानपुर परिवार**

# हार्दिक श्रद्धाञ्जली



जन्म :
१९८८/१०/०३

**स्व. विष्णुराम प्रधान**

स्वर्गारोहण :
२०८१/०९/०८ गते

हेटौँडाका पुराना ब्यवसायी साथीहरु प्रचण्ड प्रधान, शौरेन्द्र प्रधान, प्रजन्य प्रधान, शंशांक शेखर प्रधान एवम् शशी प्रधानका पुजनीय पीता **विष्णुराम प्रधान**को ९३ वर्षको उमेरमा निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

केदार श्रेष्ठ, कार्यवाहक अध्यक्ष
**एवम् मदिरा व्यवसायी संघ मकवानपुर**
**हेटौँडा, मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ